**श्री काभ्रेपलान्चोक जिल्ला अदालतबाट जारी भएको**

**दशीका जिन्सी सामान फिर्ता लिन आउने बारे**

**अत्यन्त जरुरी सुचना**

**सुचना प्रकाशित मिती २०८१/११/०५**

प्रस्तुत सम्बन्धमा यस अदालतमा चलेका विभिन्न फौजदारी मुद्दाहरुमा दशी स्वरुप दाखिल हुन आई यस अदालतको जिन्सीमा आम्दानी वाधिएको सवारी साधनहरुको जिन्सी व्यवस्थापन कार्य भैरहेकोले कानुन र अन्तिम फैसलाले फिर्ता दिने ठहर भएका, फैसलामा केही उल्लेख नभएका, धनी पत्ता नलागेका तथा जफतको दावी समेत नभएका सवारी साधनहरु फिर्ता लैजान चाहने सवारी धनीले यो सुचना प्रकाशन भएको मितिले ७(सात) दिन भित्र प्रमाण सहित फिर्ता लिन यस अदालतमा सम्पर्क गर्नुहुन जिल्ला अदालत नियमावली २०७५ को नियम ९२(१)बमोजिम सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशन गरिएको छ । साथै उल्लिखित अवधिभित्र फिर्ताको दावी नपरेको सवारी साधनहरु प्रचलित कानुन बमोजिम मुल्याङ्कन गरी उक्त सवारी साधनहरु लिलाम विक्रि गरी रकम धरौटीमा आम्दानी वाधिने र एक वर्ष भित्र सो धरौटीमा आम्दानी वाधिएका रकम लिन नआए राजस्वमा दाखिला भई जाने व्यहोरासमेत सम्बन्धित सवैमा निर्देशानुसार जानकारी गराइएको व्यहोरा अनुरोध छ ।

तहसिलदार

कविता दाहाल